स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड २) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या ४

# संस्थागत विद्यालय सञ्चालन अनुमति कार्यविधि २०७५

## सरूमारानी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### बड्डाँडा ,प्यूठान

५ नं. प्रदेश नेपाल

<u>प्रस्तावना</u>

नेपालको संविधानले माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार सचालन ऐन , २०७४ ले स्थानीय तहको कार्यक्षेत्र भित्र उक्त ऐन को दफा ११ ज अनुसार आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि उप दफा ज २ मा सामुदायिक , संस्थागत , गूठी र सहकारी विद्यालय स्थापना , अनुमति , सञ्चालन , व्यवस्थापन तथा नियमन गर्ने भन्ने उल्लेख छ । सघीय शासन संरचना अनुरुप स्थानीय तहमा संस्थागत विद्यालय स्थापना , कक्षा थप , तह थप , सचालन , व्यवस्थापन लगायतका आधारभूत पक्षहरुमा अनुमति तथा नियमनका लागि एकरुपता कायम गर्ने र विधि सम्मत रुपमा व्यवहारिक

कार्यान्वयन गर्न वान्छनीय भएकोले सरूमारानी गाउँपालिका प्यूठानलाई संस्थागत विद्यालय स्थापना , कक्षा थप , तह थप , सञ्चालन , व्यवस्थापन अनुमति तथा नियमन गर्नको लागी सहजजता प्रदान गर्न मार्गदर्शनको रुपमा यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद एक

१ . <u>सङक्षिप्त नाम र प्रारम्भः</u>

१.१ यो कार्यविधिको नाम संस्थागत विद्यालय सञ्चालन अनुमति कार्यविधि २०७५ रहेको छ

१.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ ।

१.३ यो कार्यविधि संस्थागत विद्यालयहरुको हकमा मात्र लागू हुने छ ।

## परिच्छेद दुई

२. <u>परिभाषाः</u>

विषय वा प्रसङगले अर्को अर्थ नलागेमाः

२.१ - संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट संस्थागत विद्यालयको रुपमा अनुमति लिएका विद्यालयलाई जनाउँछ , सो शब्दले सार्वजनिक शैक्षिक गुठी , निजी गुठी , सहकारी तथा कम्पनिको रुपमा अनुमति प्राप्त गरी नेपाल सरकारबाट अनुदान नपाउँने गरी सञ्चालित विद्यालयहरुलाई समेत जनाउँछ । साथै सो शब्दले सरूमारानी गाउँपालिकाबाट अनुमति लिई सञ्चालन हुने सोही प्रकृतिका विद्यालयहरु समेतलाई जनाउँदछ ।

२.२ - प्रारम्भिक बाल शिक्षा केन्द्र ( प्रि प्राइमरी स्कूल ) भन्नाले नर्सरी , एल. केजि र यू. केजि का कक्षाहरु सञ्चालित विद्यालयहरु जनाउँदछ जस्ले ३ देखी ५ वर्ष उमेर समूहका बालबालिकाहरुलाई मात्र पठनपाठन गराउँदछ ।

२.३ आधारभूत संस्थागत विद्यालय भन्नाले ५ वर्ष उमेर पुगेका र १२ वर्षको उमेर पूरा नभएका विद्यार्थीहरुका लागी कक्षा १ देखी कक्षा ८ सम्म सञ्चालित संस्थागत विद्यालयहरुलाई जनाउँदछ ।

२.४ माध्यमिक संस्थागत विदेयालय भन्नाले ५ वर्ष उमेर पुगेका र १६ वर्ष उमेर पूरा नभएका विद्यार्थीहरुका लागी कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालित संस्थागत विद्यालयहरुलाई जनाउँदछ साथै सो शब्दले कक्षा ९ देखी कक्षा १२ सम्म अध्यापनन गर्ने संस्थागत विद्यालयहरु समेतलाई जनाउँदछ ।

२.५ अनुमति भन्नाले नेपाल सरकार वा सरूमारानी गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको र पूर्णतया निजी स्रोतमा कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको इजाजत पत्रलाई जनाएउँदछ ।

२.६ शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउदछ ।

२.७ निरीक्षक भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई जनाउँदछ ।

२.८ गाउँपालिका भन्नाले सरूमारानी गाउँपालिका प्यूठानलाइ जनाउँदछ ।

२.९ गाउँकार्यपालिका भन्नाले सरूमारानी गाउँपालिका गाउँ कार्यपालिकालाई जनाउदछ ।

२.१० सामाजिक विकास समिति भन्नाले सरूमारानी गाउँपालिका गाउँ कार्यपालिकाबाट गठित समितिलाई जनाउँदछ

२.११ गाउँ शिक्षा समिति भन्नाले सरूमारानी गाउँपालिका गाउँकार्यपालिकाबाट गठित गाउँ शिक्षा समितिलाई जनाउँदछ ।

२.१२ शैक्षिक सत्र भन्नाले विद्यालयमा अध्ययन् अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्दछ ।

२.८ शैक्षिक गुठी भन्नाले संस्थागत विद्यालय सचालन गर्नका लागी कुनै व्यक्ति वा समूहले नाफा नलिने उद्देश्यले संथापना गरेको निजी वा सार्वजनिक गुठी सम्झनु पर्दछ ।

## परिच्छेद तीन

३. संस्थागत विद्यालय खोल्ने अनुमति सम्बन्धी व्यवस्था:

३.१ कुनै नेपाली नागरिकले सरूमारानी गाउँपालिका प्यूठान भित्रको क्षेत्रमा संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई अनुसूची – १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयको सिफारिस विध्यालयको श्रोत क्षेत्र वरिपरीका सामुदायिक तथा सामुदायिक तथा संस्थागत विध्यालयको सहमति र आवश्यक कागजातहरु सहित शैक्षिक सत्र शुरु हुनु भन्दा तीन महिना पहिले गाउँपालिकाको कार्यालयमा अनुमतिका लागी निवेदन दिनु पर्नेछ ।

३.२ उप दफा ३.१ बमोजिम निवेदन परेमा गाउँपालिकाको कार्यालयले सो निवेदन उपर जाँचबुझ गरि विद्यालय खोल्न अनुमतिका लागि आवश्यक कागजात एवं अन्य विवरणहरु मनासिव देखिएमा तोकिएको अधिकृतबाट प्रस्तावित विद्यालयको स्थलगत निरीक्षण र जाँचबुझ गर्ने गराउने गरी निवेदन दर्ताको व्यवस्था गर्नेछ ।

३.३ संस्थागत विद्यालय खोल्नका लागि अनुसूची – २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्ने छ ।

३.४ शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा १५ दिन अगावै गाउँपालिकाको कार्यालयले शिक्षा शाखाको अधिकृत कर्मचारीलाई अनुसूची – २ बमोजिमको पूर्वाधार पूरा भए नभएको सम्बन्धमा प्रस्तावित विद्यालयको

स्थलगत निरीक्षण र जाँचबुझ गरी प्रतिवेदन पेश गर्न खटाइ निजबाट स्पस्ट राय सहितको लिखित प्रतिवेदन लिने छ , साथै सामाजिक विकास समितिका संयोजक तथा निजले तोकेको सो समितिको अन्य सदस्य समेतलाई आवश्यकतानुसार स्थलगत निरीक्षण र जाँचबुझका लागि खटाई पठाउँन सक्ने छ ।

३.५ उप दफा ३.४ बमोजिम स्थलगत निरीक्षण जाँचबुझ प्रतिवेदन प्राप्त भए पछि सामाजिक विकास समिति र गाउँ शिक्षा समितिको राय एवं सिफारिस सहित गाउँ कार्यपालिकामा छलफलका लागि पेश गरी नयाँ विद्यालय स्थापना वा तह थप वा कक्षा थप सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अनुसार अनुमतिको कार्यबाही हुनेछ ।

३.६ . उप दफा ३.५ बमोजिम अनुमतिका लागि भएको निर्णय अनुसार गाउँपालिकाको कार्यालयले सम्बन्धित विद्यालयहरुलाई शैक्षिकसत्र शुरु हुनु भन्दा अगावै अनुसूची - ४ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्ने छ ।

३.७ उप दफा ३.५ बमोजिम अनुमतिका लागी निर्णय भएको विद्यालयले अनुसूची -३ मा उल्लेखित शर्त बन्देजहरु पालना गर्नु गराउनु कर्तव्य हुने छ , साथै अनुसूची ३ मा उल्लेखित शर्त बन्देजहरु पालनाका सम्बन्धमा सम्बन्धित विद्यालयको संस्थापकसँग गाउँपालिकाको कार्यालयले कबुलियतनामा समेत गर्नु पर्नेछ ।

## परिच्छेद चार

४. धरौटी रकम जम्मा गर्नु पर्ने:

४.१ संस्थागत विद्यालय खोल्ने अनुमति लिदा विद्यालय सञ्चालनको सुरक्षण वापत माध्यमिक विद्यालय कक्षा ११-१२ का लागी रु पाँच लाख पचास हजार , माध्यमिक विद्यालय कक्षा ९-१२ का लागी रु पाँच लाख पचास हजार , आधारभूत विद्यालय कक्षा १-८ का लागी रु दुई लाख पचास

हजार , आधारभूत विद्यालय कक्षा १-५ का लागी रु एक लाख पचास हजार र पूर्वप्राथमिक तथा नर्सरी , एल के जि र यू के जि का लागि रु पचास हजार रुपैया धरौटीको रुपमा जम्मा गर्नु पर्ने छ ।

४.२ संस्थागत विद्यालयले दफा ४.१ बमोजिमको धरौटी वापतको रकम गाउँपालिकाको कार्यालयले तोकेको बैंकमा मुद्दती खाता खोली जम्मा गर्नु पर्ने छ ।

४.३ दफा ४.२ बमोजिमको मुद्दती खाता नगरपालिकाको लेखा अधिकृत र विद्यालय संस्थापकको संयुक्त दस्तखतबाट सञ्चान हुने छ ।

## परिच्छेद पाँच

५. विवधः

५.१ यस पूर्व प्रचलित शिक्षा ऐन नियमावली अनुसार स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले हाल माथिल्लो तह तथा कक्षा थप अनुमति माग भएको हकमा साविक कम्पनि वा शैक्षिक गुठी जुन रुपमा सचालन भएको छ सोही स्वरुपमा र हाल नयाँ स्थापना भई सचालनमा आउने संस्थागत विद्यालयको हकमा गाउँसभा तथा गाउँ कार्यपालिकाबाट जारी हुने गाउँ शिक्षा ऐन तथा नियमावली अनुसार निर्धारित स्वरुपमा सञ्चालन हुनु पर्ने छ ।

५.२ संस्थागत विद्यालयहरुले लिने शुल्क तथा वितरण गर्नु पर्ने छात्रवृत्ति सम्बन्धमा गाउँशिक्षा ऐन तथा नियमावलीबाट निर्धारण भए बमोजिम हुने छ ।

५.३ सामान्यतया एक शैक्षिक सत्रमा एउटा कक्षा भन्दा बढी कक्षाहरुको अनुमति प्रदान गरिने छैन ।

५.४ आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सकिने छ ।

५.५ यस कार्यविधिले समेट्न नसकेका अन्य पक्षहरु सम्वोधन तथा नियमन गर्नु परेमा प्रचलित ऐन नियमावली अनुसार हुने छ ।

५.६ विद्यालय सञ्चालन पूर्वाधारका सम्बन्धमा अनुसूची -२ का अतिरिक्त अनुसूची ५ समेतलाई आधार लिन सकिने छ ।

## अनुसूची – १

(दफा ३.१ सँग सम्बन्धित)

विषयः ....................................

सम्बन्धमा,

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
सरूमारानी गाउँपालिका ,सरूमारानी ४ प्यूठान

शैक्षिक सत्र .....देखि .....तहको विद्यालय खोल्न चाहेकोले अनुमतिका लागि देहायका विवरणहरु खुलाइ यो निवेदन गर्दछु ।

क – प्रस्तावित विद्यालयकोः

१ - नामः

२ - ठेगानाः . ....     गाउँपालिका  वडा नं.. . . . . . गाउँ/टोल..........
फोन नं. . . . . . . . . . . . . . . . . . . प्याक्स नं.

३ - किसिमः

क - सामुदायिक , ख – संस्थागत , १ – निजी शैक्षिक गुठी , २- सार्ववनिक शैक्षिक गुठी , ३- कम्पनि

४ – अनुमति लिन चाहेको तह र कक्षाः

५ – भविष्यमा सचालन गर्न चाहेको तह र कक्षाः

ख – प्रस्तावित विद्यालयका लागि पूरा गरिएको पूर्वाधारः

१ – भवनको संख्या . . . . . २ – कच्ची....... / पक्की.......... वा अर्ध पक्की.........

३ – आफ्नै वा वहालमा वा सार्वजनिक

– कोठाको विवरणः

१-कोठाको संख्या. .  . . .२ – लम्वाई............. / चौडाई..............

२-– झ्यालढोकाको अवस्थाः क – प्रकाश बत्तिको अवस्था –

फर्निचरको संख्याः डेस्क..............बेन्च...........टेवल.............

.दराज.......... कुर्ची.........अन्य..........

३-खेलकूद मैदानको अवस्थाः..................... जग्गाः रोपनी वा विगाहामा...................

४-शौचालयको संख्याः छात्रले प्रयोग गर्ने..................छात्राले प्रयोग गर्ने...............

५-खानेपानीको अवस्थाः

६-पुस्तकालयको अवस्था.................. पुस्तकको संख्याः

७-प्रयोगशालाको अवस्थाः सामग्री...............

८-सवारी साधनको विवरणः

९-शेक्षिक सामग्रीको विवरणः

१०- विद्यार्थी संख्याः प्रस्तावित

कक्षा-नर्सरी एलकेजी यूकेजी १ २ ३

४ ५ ६ ७ ८ ९ १०

संख्या- .......... ....... ....... ..... ...... ....... ........ ........ ......... .....====== ================ ==================== ===================

११- शिक्षक संख्याः प्रस्तावित

१२- आर्थिक विवरणः प्रस्तावित

क .अचल सम्पत्तिः                    ख – चल सम्पत्तिः

ग – वार्षिक आम्दानीः

घ – आम्दानीको स्रोतः

माथि लेखिएको विवरणहरु ठीक साँचो छ , झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

| | | |
|---|---|---|
| संस्थापकको | विद्यालयको छाप | प्रिन्सिपलको |
| सही | | सही |
| नामः | | नाम |
| ठेगानाः | | |
| ठेगानाः | | |
| मितिः | | मितिः |

निवेदनसाथ सम्लग्न गरिएका कागजातहरुः

## अनुसूची – २

<u>विद्यालय खोल्नका लागि चाहिने पूर्वाधारहरुः</u>

१ – कक्षाकोठाहरु सामान्यतया नौ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने ।
२ – कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्ग मिटर तथा माध्यमिक विद्यालयको हकमा १.२० वर्ग मिटर भन्दा कम हुन नहुने ।
३ – अध्यापन गराइने कक्षाकोठामा हावाको प्रवाह र प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने
४ - कक्षाकोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हनु पर्ने ।
५ – स्वस्थकर र यथेष्ट खानेपानीको व्यवस्था हुनु पर्ने ।
६ – प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनु पर्ने र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप हुनु पर्ने ।
७ – पाठ्यक्रम , पाठ्यसामग्री , शिक्षक निर्देशिका सहितको एक विद्यार्थी बराबर कम्तिमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय भएको हुनु पर्ने ।
८ – शिक्षण क्रियाकलापका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरु जस्तै कालोपाटी , नक्शा , ग्लोव , गणितीय सामग्री आदी हुनु पर्ने ।
९ – सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने खेलमैदान हुनु पर्ने ।
१० – प्रारम्भिक बाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलाप सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिवल खेल्न मिल्ने सम्मको खेलमैदानको व्यवस्था र खेलसामग्रीको व्यवस्था हुनु पर्ने ।
११ – पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने ।

१२ – संस्थागत विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया कम्तीमा २२ जना देखि बढीमा ४४ जना सम्म र औसतमा ३३ जना विद्यार्थी हुनु पर्ने ।

१३ – संस्थागत विद्यालयमा कक्षा शिक्षक अनुपात न्यूनतम १:१.५ हुनु पर्ने ।

१४ – विद्यालयको हाता पर्खाल वा बारले घेरिएको हुनु पर्ने ।

१५ – विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने ।

१६ – आवासीय विद्यालयको हकमा आवास भवन हुनु पर्ने ।

१७ – भाडाको घरमा विद्यालयको सञ्चालन गर्न पर्ने भए कम्तिमा पाँच वर्ष घरभाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने ।

१८ – विद्यालय वातावरण बालमैत्री अपाङगमैत्री हुनु पर्ने ।

१९ – विद्यालयको नियमित आयस्रोत हुनु पर्ने ।

## अनुसूची – ३ (दफा ३.७ सँग सम्बन्धित)

<u>विद्यालयले अनुमति प्राप्त गरि सके पछि पालना गर्नु पने शर्त बन्देजहरुः</u>

१ - नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने ।

२ – गाउँ शिक्षा समितिको स्वीकृति नलिई थप पाठ्यपुस्तक र पाठ्यसामग्री प्रयोग गर्न नहुने

३ – राष्ट्रियताप्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न गराउँन नहुने

४ – अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय ,शैक्षिक उपलब्धी र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु पर्ने ।

६ – विद्यालयले गरेको लगानीको अभिलेख राख्नुका साथै यस नियमावली बमोजिम आय-व्ययको लेखा राख्नु पर्ने ।

७ – विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता , जातीय , क्षेत्रीय , भाषिक , लैंगिक , सामाजिक तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने ।

८ – विद्यालयमा नियमित रुपमा परियोजना कार्य , सामाजिक सेवा , अतिरिक्त क्रियाकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

९ – विद्यालय तथा छात्रावासमा स्वस्थकर, सत्य , निष्ठा र नैतिक चरित्र निर्माण , उद्यमशीलता प्रवर्द्धन , समाजिक सदभाव प्रवर्द्धन तथा समाजिक विकृति उन्मुलनको वातावरण कायम गर्न स्थानीय पाठ्यक्रम तयार गरी स्वीकृतिका लागि प्रसतुत गर्ने र आवश्यक व्यवस्था मिलाउँने ।

१० – आवासीय विद्यालयमा गाउँशिक्षा समितिले निर्धारण गरे बमोजिम विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने ।

११ – विद्यार्थी संख्याको आधारमा पूर्वाधारको विस्तार तथा स्तर वृध्दि गर्नु पर्ने ।

१२ – मन्त्रालय तथा शिक्षा शाखाले निर्धारण गरेको ढाँचामा विद्यालय शैक्षिक तथ्याङ्क तयार गरी तोकिएको समय भित्र शिक्षा शाखामा बुझाउने ।

१३ – विद्यालयले विद्यार्थीका लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानुन बमोजिमको मापदण्ड अनुरुप परिक्षण गरिएको हुनु पर्ने ।

१४ – तोकिएको मापदण्ड अनुरुप विद्यालयको भवन तथा कक्षाकोठा सफा र सुरक्षित राख्नु पर्ने ।

१५ – प्रत्येक वर्ष विद्यालयको सामाजिक तथा आर्थिक परिक्षण गराई त्यसको प्रतिवेदन शिक्षा शाखामा पठाउनु पर्ने ।

१६ – गाउँकार्यपालिका तथा गाउँसभाले पारित गरेको कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नु पर्नेछ ।

## अनुसूची – ४

श्री ...... ...... ....... ....... ......... .........

.......... .......... .......... ............ ..........

विद्यालय खोल्ने सम्बन्धमा मिति.................................मा प्राप्त निवेदन उपर कार्यवाही हुँदा संस्थागत विद्यालय सचालन अनुमति कार्यविधि २०७४ को दफा ३.३ अनुसूची -२ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले यस सरूमारानी गाउँकार्यपालिकाको मिति..........................को निर्णयानुसार शैक्षिक सत्र............................. देखि................ ..... तहको कक्षा...........सम्मको विद्यालय संस्थागत पूर्णतया निजी स्रोतमा सञ्चालन गर्न यो अनुमति प्रदान गरिएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको

कार्यालयको छापः

सही

नामः

पदः

मितिः